स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नायिका रेखा थापाले पर्दामा देखिनु मात्र हिरोइजम नहुने बताएकी छन् । शुक्रबार ह्ववाइट हाउस लिटरेचर फेस्टिभलमा हिजोका हिरो, आजका हिरो सेसनमा आफ्नो धारणा राख्दै उनले यस्तो बताएकी हुन् । 'पर्दामा देखिनु मात्र हिरोइजम होइन । हिरोले समाजमा आशा लेखाउँछ । हिरोले सामाजिक रुपान्तरणमा कति काम गऱ्यो भन्ने पनि हेरिनुपर्छ,' उनले भनिन् ।

आजको विचार...



सन्तानलाई... (दुई पेजमा)

श्री प्रसाद देवकोटा



अभिनेता सलोन बस्नेतले पहिलेभन्दा केही फरक काम गर्न फिल्म निर्माण गरेको बताएका छन् । 'रंगी' बजारमा आएको भन्दा भिन्न फिल्म भएको उनको भनाइ थियो ।'म फिल्ममै हुर्किएकोले आगामी समयमा केही फरक काम गरौं भन्ने छ', उनले भने, 'फिल्म निर्माण मार्फत फरक फरक काम गर्नेछु ।'रंगी' सलोनको निर्माणमा डेब्यु फिल्म हो । फिल्म सफल बनाउन उनले निकै मिहिनेत गरिरहेको पनि बताएका छन् । उनले यो फिल्म बुबाछोरीको कथा भएको खुलाए ।

❒ वर्ष ३० ❒ अंक २०० ❒ २०८१ माघ ३० गते बुधबार 12 February 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-


## संक्षिप्त समाचार

### ट्याङ्की विस्फोटमा एकको मृत्यु



(रासस/सिन्ह्वा) —
**सियोल,** माघ २९/दक्षिण कोरियाको तेल भण्डारण ट्याङ्की विस्फोटमा सोमबार एक कामदारको मृत्यु हुनुको साथै अन्य घाइते भएको योनहाप समाचार एजेन्सीले जनाएको छ । राजधानी सियोलबाट करिब ३०० किलोमिटर दक्षिणपूर्वमा रहेको उल्सानको एउटा कारखानामा स्थानीय समय अनुसार बिहान ११:१५ बजे विस्फोट भएको हो । घटनास्थलमा उपस्थित एक जनालाई अचेत अवस्थामा शल्यक्रियाका लागि अस्पताल लगिएको थियो, तर पछि उनको मृत्यु भएको थियो । ट्याङ्कीको माथि रहेको ह्याच खोलेर भित्र रहेको पेट्रोकेमिकलको मात्रा जाँच गर्ने क्रममा विष्फोटमा परी दुईजना घाइते भएको अनुमान गरिएको छ । विष्फोटपछि लागेको आगो निभाउन दमकल सहितको उपकरण परिचालन गरेको थियो । आगलागी भएको ट्याङ्कीको वरिपरि लुब्रिकेन्ट, बायोडिजेल र अन्य चारपाँचवटा ट्याङ्की थिए । करिब तीन घण्टापछि आगो पूर्ण रुपमा निभाइएको थियो ।

# डेढ करोड लगानीमा फलफूल खेती





रासस —
**ढोरपाटन,** माघ २९/बागलुङ जिल्लाको ढोरपाटन नगरपालिका-५ पाखापानी भौगोलिक रूपमा विकट मानिन्छ । विकटताका कारण पर्याप्त सेवासुविधा गाउँमा पुग्न सकेको छैन । युवापुस्ता विदेश पालयन भएका छन् भने अधिकांश गाउँमा बस्ने सुविधाको खोजीमा बजार झरिरहेका छन् ।

गाउँलेको रोजाइमा बजार परिरहेको अवस्थामा यहाँका मानसिङ पुनले भने अवसर खोज्दै डेढ करोड लगानीमा व्यावसायिक फलफूल खेती सुरु गरेका छन् । उनी पेसाले स्वास्थ्यकर्मी हुन् । दिउँसोको समय नागरिकको उपचारमा खटिने उन फुर्सदको समय बारीमा काम गर्ने गर्दछन् । 'सँगैका साथी कोही जापान र कोरिया, कोही खाडी मुलुक भएका छन् । युवापुस्ता नहुँदा सुनसान बन्दै गएको गाउँमा विसं २०७३ देखि व्यावसायिक कृषि कर्म गर्दै आएको छु', पुनले भने,'स्वरोजगार बहुउद्देश्यीय कृषि पशुफाम' सञ्चालन गरी सम्भावना खोज्दै आएका छन् । आठ वर्ष अघि सुरु गरेको व्यवसाय अहिले विस्तार हुँदै गएको उनको भनाइछ । पुनले गाउँको बाँझो जमिनलाई सदुपयोग गरी व्यावसायिक रूपमा किवी, केरा, सुन्तला, कागती र टिमुरखेती गर्दै आएको बताए । साथै ५० बढी बाख्रा पालन गरेको बताउँदै उनले बारीमा पुग्दा लटरम्म फलेका फलफूलले धेरैलाई आकर्षित गर्ने प्रतिक्रिया आउने गरेको बताए ।'एक सय ८० रोपनी क्षेत्रफलमा लगाएको फलफूलमध्ये केहीले उत्पादन दिन थालेका छन्, केही हुर्किँदै छन् । केही वर्ष अघि वनमाराले ढाकेको बारीमा अहिले फलफूल उत्पादन हुँदा गाउँले नै दङ्ग छन्', पुनले भने । गाउँमा स्वरोजगार बनेर जनताको सेवा गर्ने सोच बनाएका उनी पाँच वर्षदेखि ढोरपाटन-८ स्थित सेराबाङ आधारभूत स्वास्थ्य सेवा केन्द्रमा प्रमुखका रूपमा कार्यरत हुन् । फुर्सदको समयमा बारीमा काम गर्ने उनले कृषि फार्ममा हालसम्म रु डेढ करोड बढी लगानी गरेको जानकारी दिए । उनलाई विदेशबाट फर्किएका दाई हिमालकुमार पुन र भिनाजु विक्रिम घर्तीमगरले साथ दिइरहेका छन् । सुरुमा रु १५ लाखबाट सुरु गरेको व्यवसाय अहिले राम्रो हुँदै गएपछि बर्सेनि आम्दानी पनि बढ्दै गएको पुनले बताए ।यसवर्ष फलफूल तथा बाख्रा बिक्री गरेर रु सात लाख आम्दानी भएको जनाउँदै उनले वार्षिक रु ५० लाख आम्दानी गर्ने लक्ष्य राखेको उल्लेख गरेका छन् ।

**-बाँकी अन्तिम पेजमा...**

## जलवायु परिवर्तन रोक्न सक्रिय बनौं

- जलवायु परिवर्तन र यसवाट पर्ने असरवारे सचेत गराऔं,
- वोटविरुवा लगाऔं हरियाली प्रर्वधन गरौं,
- नविकरणीय उर्जाको प्रयोग गरौं,
- फोहोरमैला व्यवस्थापनमा ध्यान दिऔं,
- जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी लगाऔं,
- पानीका स्रोतहरूको संरक्षण गरौं,
- वनजङ्गलको संरक्षण गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# मुख्यमन्त्रीबाट प्रादेशिक अस्पतालको भवन अनुगमन



**बुटवल,** माघ २९/लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रादेशिक अस्पतालको निर्माणाधीन भवनको अनुगमन गरेका छन् । मुख्यमन्त्री आचार्यले भवन अनुगमन गर्दै मंगलबार कामको प्रगतिबारे जानकारी लिए । 'यो प्रदेशको गौरवको आयोजना हो ।

प्रदेशले यसलाई उच्च प्राथमिकतामा राखेको छ, यसले समग्र प्रदेशको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ', उनले भने, 'कुनै पनि अवस्थामा काममा समस्या नआओस् ।' प्रदेश सरकारले चालु आर्थिक वर्षमा सो भवन निर्माण गर्न रु एक अर्ब ८० करोड विनियोजन गरेको छ । अनुगमनका क्रममा मुख्यमन्त्री आचार्यले काम सन्तोषजनक देखिएको बताए । उनले यही आवमा २८ प्रतिशतसम्म काम सम्पन्न गर्ने जानकारी प्राप्त भएको बताए । प्रदेश पूर्वाधार विकास प्राधिकरणमार्फत रु छ अर्ब १८ करोड ७५ लाखमा भवन निर्माण थालिएको थियो । प्रदेश पूर्वाधार विकास प्राधिकरणले भारतीय निर्माण कम्पनी क्याप साइट आशिष रेलिग्रेट भेन्चर र नेपाली कम्पनी आशिष रेलिगसनसँग गतवर्षको पुस २६ गते भवन निर्माणको ठेक्का सम्झौता गरेको थियो । निर्माण सुरु भएको पाँच महिनामा १३ प्रतिशत भौतिक प्रगति भएको प्रदेश पूर्वाधार विकास प्राधिकङ्कर सुवेदीले जानकारी दिए । सम्झौता अनुसार १२ तले सो भवन आगामी २०८५ सालको पुस मसान्तसम्ममा सम्पन्न गरेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## संसदीय प्रणाली र मर्यादा

अहिलेले हिउँदे संसद चलीरहेको छ । संसद भित्र र बाहिर संसद र कानूनका कुराहरु चली रहेकाछन् । नेता, दल अनि मन्त्रीहरु संसद र वर्तमान सरकारका क्रियाकलाप अनि संसदीय प्रणालीको विकासका विषयमा गम्भीर चिन्तित भएको आभास हुन्छ । कुरा र कर्ममा भने भिन्नता कायमै छ । कुरा गर्ने कार्यान्वयन नगर्ने परम्पराले गर्दा समयानुकुल लोकतन्त्र संस्थागत हुन नसकेका गुनासाहरु आम सर्वसाधारणमा व्याप्त छन् । कारण भुटा खालका क्रिया र प्रतिक्रियाले गर्दा विश्वासको कमी आएको अनुभूति पनि भईरहेको छ । अनुभूतिलाई साकार पार्ने कामका लागि सरकारमा सम्मिलित दलहरु एक चित्त भएर लाग्नुपर्नेमा त्यसो भएको छैन् । निराशाका बादलहरु मडारिरहेका छन्, आशा पलाउँने खालका क्रियाकलाप भएता पनि जनताले विश्वास गर्ने खालको वातावरण पलाएको छैन् । वातावरण अनुकुल बनाउँने कुरामा सरकार र सरकारमा सहभागि दलका नेताहरु आफैमा अन्यौलताको शिकार भएका छन् ।

संसद चलीरहेका बेला, आफ्ना अभिव्यक्ति दिने र अभिव्यक्तीलाई सार्थक बनाउँने खालका कुनै पनि गतिविधी अहिले प्रगतिको पथमा लम्किएको देखिंदैन् । खाली समस्याहरुको उजागर गर्ने, समाधानका कुनै पनि पक्षलाई वास्तै नगर्ने गरेका कारणले यो पटकको संसद अध्यादेशमयी भएको छ । सत्तापक्षले बचाउ गर्ने र विपक्षले अपरोध गर्ने बाहेक केही पनि हुन सकेका छैनन् । रोष्टम घेर्ने, माईक र कुर्सी भाच्ने, अनि धम्कीको भाषा प्रयोग गर्ने जस्ता असभ्य शैलीहरुको अत्य हुनु जरुरी छ । त्यो नभए सम्म मुलुकले लोकतन्त्र भएको अनुभूति गर्न सक्दैन । लोकतन्त्रको सबै भन्दा सुन्दर पक्ष भनेकै कानुनी राज्य हो, कानुनी राज्यका लागि मर्यादित संसद र सभाका सबै सदस्यहरु जनभावना बुझ्ने खालका हुनु जरुरी छ । देश र जनताका पक्षमा यदा कदा संसद प्रतिपक्ष बिहिन पनि हुन सक्नुपर्छ र जनहितका लागि कडा प्रतिपक्षको समेत आवश्यकता पर्दछ । हाम्रो संसदीय प्रणालीले गर्ने अनुमोदन र अनुमोदन पछि हुने कार्यान्वयमा समेत संसदीय मूल्य र मान्यता अनि मर्यादाको चीरहरण हुनुहुदैन ।

**Opinion @ Social Network**

रहरले शहर फेरायो खाली गोजीले, साथी चिनायो वास्तविकता तितो रैछ आफ्नाले नै आफ्नो औकात देखायो ।

*(निसा सारुको फेसबुक स्टाटस* *https://www.facebook.com/Nisha.Saru*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सन्तानलाई कोरा शिक्षा कि संस्कार



श्री प्रसाद देवकोटा

*विद्यालयको अध्ययन-अध्यापनको वातावरण भन्दा पनि विद्यालयले लिने शुल्कका आधारमा गुणस्तर छुट्याउँछौं। आफूले धेरै श्रम र थोरै खाएर भए पनि महङ्गो विद्यालयमा भर्ना गर्ने चाहना परिवारको हुन्छ । बच्चा शारीरिक र मानसिक रूपमा तयार नभए तापनि आफ्नो व्यस्ततालाई सजिलो बनाउन बच्चालाई विद्यालयमा सुम्पिन्छौं । विद्यालयमा परीक्षा हुन्छ, अतिरिक्त क्रियाकलापहरू पनि सञ्चालन भइराखेका हुन्छन् । प्रत्येक अभिभावकहरूले आफ्नो सन्तान पहिलो भएको देख्न र सुन्न चाहन्छ । विद्यालय प्रशासन र शिक्षकले पनि कुनै न कुनै रूपमा कुनै विद्यार्थीप्रति अप्रत्यक्ष सद्भाव राख्छन् । आफ्नो सन्तान, आफ्नो विद्यार्थी जसरी भए पनि प्रथम भएको देख्ने र सुन्ने अपेक्षा सबैमा रहन्छ । यही अपेक्षा अनुसार बच्चालाई मानसिक रूपमा तयार पार्छन् । बच्चा परिवारको चाहना र अपेक्षाको दबाब र विद्यालयको वातावरण अनुसार आफूलाई प्रस्तुत गर्छ ।*

छोरो भक्तपुरको एक निजी विद्यालयमा कक्षा-१ मा पढ्दैछ । उसको दोस्रो त्रैमासिक परीक्षाको नतिजा लिन गत शनिवार विद्यालय पुगें । विद्यालयले नतिजा प्रकाशनको अवसर पारेर कक्षा शिक्षकसँग अभिभावकहरूको छोटो अन्तरक्रिया राखेको रहेछ । कक्षा शिक्षकले बाबुको नतिजा दिंदै एकैछिन उसको शैक्षिक स्थितिको बारेमा गफ गरौं भन्नुभयो र गफिन थाल्यौं ।

**शिक्षक :** सर बाबुको यो नतिजाबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? म: मैले हाँसेर जवाफ दिएँ, म सन्तुष्ट छु मेडम । तर किन सोध्नुभयो ? शिक्षक: सबै अभिभावकहरू नतिजा लिन आउनुहुन्छ । आफ्ना बाबुनानीले राम्रो नतिजा प्राप्त गरे खुशी देखिनुहुन्छ, केही बिग्रिएको नतिजा देखे हाम्रो (शिक्षक र विद्यालय) कमि-कमजोरी औंल्याउन थाल्नुहुन्छ । बाबुनानीले विद्यालयमा देखाउने आनीबानी, संस्कार-संस्कृति, शैक्षिक र अतिरिक्त क्रियाकलापहरूको बारेमा केही सोध्नुहुन्न । मात्र नतिजामा आधारित भएर तर्कहरू गर्नुहुन्छ । हाम्रो कुरा सुन्न भन्दा पनि आफ्नो कुरा मात्र सुनाउनुहुन्छ । आजकल बाबा-ममीलाई समय नभएर हो कि ? बाबुनानी विद्यालयमा जम्मा ६ घन्टा हो बस्ने, अरू समय त घरमा नै हो। हामी, एउटै शिक्षक कक्षा शिक्षकको रूपमा सबै विषयहरू पढाउँछौं । एउटै कक्षामा २५ जना विद्यार्थी छन् । सबै विद्यार्थीको क्रियाकलापमा ध्यान दिन पनि सम्भव नै हुँदैन । अर्कोतर्फ विद्यालय प्रशासनले पनि हामी शिक्षकहरूलाई जसरी हुन्छ नतिजा राम्रो बनाउन जोड दिन्छ । न त हामीलाई बाबुनानीको परिवारको सामाजिक-आर्थिक अवस्थाको ज्ञान हुन्छ न त उनीहरूको चाहना र क्षमता । यसैले उनीहरूको चाहना र क्षमता भन्दा पनि हाम्रो अनुकूलतामा शिक्षण गर्छौं सर ।

सुगारटाइ शिक्षणशैली हाम्रो बाध्यता हो । मपरिवार सन्तानबाट राम्रो नतिजा खोज्छ, विद्यालय विद्यार्थी टिकाउन राम्रो नतिजा दिन खोज्छ। यसर्थ हामी पनि यसैमा केन्द्रित हुन्छौं । हामीले जसरी हुन्छ बाबुनानीको नतिजालाई राम्रो बनाउनुपर्छ । यसैले हाम्रा बाबुनानीमा व्यावहारिक सामाजिक ज्ञानको कमि छ सर । यसका पछाडि शिक्षक भन्दा पनि परिवार र समाज जिम्मेवार छ। नतिजाको पछाडि कुद्ने परिवार र समाज शैक्षिक प्रक्रियाको हिस्सेदार किन बन्न चाहँदैन ? बच्चाको शिक्षामा परिवार र समाज उत्तरदायी बन्नुपर्दैन ? पैसा तिरेपछि राम्रो नतिजा आउनुपर्छ भन्ने मान्यता कहिले अन्त्य होला ? फेरि, जे-जति विद्यालय, अभिभावक, परिवार र समाजले लिनुपर्ने, अपजस सबै हामी शिक्षहरूले मात्र ? शिक्षण पेशामा लागेको १५ वर्ष भयो सर । कहिलेकाहीं यो पेशा छाडेर बरु गल्लीमा तरकारी नै बेचेर जीवन निर्वाह गरौं जस्तो लाग्छ । फेरि कलिला मुनाहरूको माया र यादले यही पेशामा छु । तर तपाईंले बाबुको नतिजा लिएपछि मुस्कुराउनु मात्र भयो, केही बोल्नुभएन यसकारण सोधेकी । अन्यथा नलिनुहोला । कक्षा शिक्षकको कुराले मेरो मनमा अनेकौं प्रश्न उब्जिन थाले । जब बच्चा तोते बोल्न र हिंड्न थाल्छ, अभिभावकहरू पूर्व प्राथमिक विद्यालय खोज्छन्। सम्भव भएसम्म आफ्नो आर्थिक सामर्थ्य अनुसारको निजी विद्यालयमा पुग्छन्। बिहानदेखि बेलुकासम्म विद्यार्थी राखिदिने विद्यालय रोज्छन् । अभिभावकको आँखा बाहिरी आकर्षण (भौतिक संरचना) भव्य भएको विद्यालयमा पुग्छ । विद्यालयको अध्ययन-अध्यापनको वातावरण भन्दा पनि विद्यालयले लिने शुल्कका आधारमा गुणस्तर छुट्याउँछौं। आफूले धेरै श्रम र थोरै खाएर भए पनि महङ्गो विद्यालयमा भर्ना गर्ने चाहना परिवारको हुन्छ । बच्चा शारीरिक र मानसिक रूपमा तयार नभए तापनि आफ्नो व्यस्ततालाई सजिलो बनाउन बच्चालाई विद्यालयमा सुम्पिन्छौं । विद्यालयमा परीक्षा हुन्छ, अतिरिक्त क्रियाकलापहरू पनि सञ्चालन भइराखेका हुन्छन् । प्रत्येक अभिभावकहरूले आफ्नो सन्तान पहिलो भएको देख्न र सुन्न चाहन्छ । विद्यालय प्रशासन र शिक्षकले पनि कुनै न कुनै रूपमा कुनै विद्यार्थीप्रति अप्रत्यक्ष सद्भाव राख्छन् । आफ्नो सन्तान, आफ्नो विद्यार्थी जसरी भए पनि प्रथम भएको देख्ने र सुन्ने अपेक्षा सबैमा रहन्छ । यही अपेक्षा अनुसार बच्चालाई मानसिक रूपमा तयार पार्छन् । बच्चा परिवारको चाहना र अपेक्षाको दबाब र विद्यालयको वातावरण अनुसार आफूलाई प्रस्तुत गर्छ । उसमा जसरी हुन्छ परीक्षामा म नै प्रथम हुनुपर्छ, खेलकुदहरूमा मैले नै जित्नुपर्दछ भन्ने भावको विकास हुन्छ। अरू साथीभाइको अवस्था, चाहना र आवश्यकतामा बच्चा अज्ञात हुन्छ । अत्यन्त व्यक्तिकेन्द्रित स्वभाव र चरित्र विकास हुन्छ । त्यो बच्चा दीक्षित हुँदै युवावस्थामा आइपुग्छ । समाज र मुलुकका लागि योगदान गर्ने उमेरमा हुन्छ। शैक्षिक रूपमा दक्ष हुन्छ तर आफू बाहेक अरु केही सोच्न सक्दैन। जसरी हुन्छ म बन्नुपर्छ, मैले कमाउनुपर्छ, मैले मात्र खानुपर्छ इत्यादि चरित्रहरू हावी हुन्छन्। संस्कार, संस्कृति, सामाजिक चरित्र र मानवता शून्य नै हुन्छ । बहस गरौं, यस्तो जनशक्तिले समाज र मुलुकका लागि कहाँ र कसरी योगदान गर्न सक्छ ? संयुक्त परिवारबाट एकात्मक पारिवारिक ढाँचा अहिलेको मुख्य कारक हो, अभिभावकको व्यस्तता हो। हिजो संयुक्त परिवार हुन्थ्यो। एकै घरमा तीन पुस्ताको बसोबास हुन्थ्यो। बाबा-आमा काममा गए पनि हजुरबा-हजुरआमाबाट बच्चाहरूको रेखदेख हुन्थ्यो। हजुरबा हजुरआमाले नातिनातिनीलाई सामाजिक मूल्यमान्यता, धार्मिक रीतिरिवाज, आदार-सम्मान बारेमा सिकाउनुहुन्थ्यो। छरछिमेकमा धार्मिक, जातीय र सांस्कृतिक विविधता थियो। सबै वर्गसँगको अन्तरघुलनले बच्चाहरूमा सामाजिकपन थियो, आदार-सम्मानको संस्कृति थियो। परिवार र समाजबाट बच्चाहरूले यी सबै कुराहरू सिकिराखेका थिए । आज रोजगारी र शहरीकरणले समाज र परिवार विभाजित छ । हजुरबा-हजुरआमा गाउँ, बाबा विदेश, आमा र छोराछोरी शहर। बालापन शहरको एउटा कोठा र घरमा सीमित छ। घरहरू जोडिएको शहरले बालापनको मनलाई तोडेको छ । एक्लोपन र रुखोपनले बालापन जेलिएको छ । घर र स्कुलको कोठामा बाल्यपन भुलेको छ, बितेको छ । मुश्किलले दशैं र तिहारमा गाउँ पुग्छन् बालबच्चाहरू। न त परिवारका अरू सदस्यहरूसँग घुलमिल हुन्छन् न त छिमेकिसँग। मोबाइल, टिभी र ल्यापटपमा झुम्मिन्छन्। गाउँका हुन् या बजारका बच्चाहरू, एक्लै विद्युतीय यन्त्रमा व्यस्त हुन्छन् । शारीरिक तन्दुरुस्तीका लागि गर्नुपर्ने खेलकुद, मनोरञ्जन समेत यन्त्रमा हुन थालेको छ । परिवारमा कोही पाहुना आओस्, जाओस् उनीहरूमा कुनै चाख र महत्व हुँदैन। उनीहरूको लागि परिवार, साथीभाइ सबै मोबाइल, टिभी र ल्यापटप नै हुन्। आदार, सम्मानको कुरै नगरौं । रीतिरिवाज, चालचलन र संस्कृतिको त कुरै छाडौं । अभिभावकको व्यस्तता र एक्लोपनले धेरै बालबालिका डिप्रेसनका शिकार बनेका छन्, तर परिवारबाट लुकाइएको छ । यसैले बालापन पिंजडामा छ । परिवारका सदस्यहरू बीचमा नै अविश्वास र डर छ । सानो सानो कुरामा बाबुले छोराको हत्या, छोराले बाबुको हत्या जस्ता घटना बढ्दैछन् । हत्या-हिंसाका डरलाग्दा घटनाहरू घरभित्रै छन् । घरभित्र होस् या बाहिरका घटना, कुनै न कुनै तरिकाले अपराधमा बालबालिका जोडिएकै छन् । पछिल्लो तथ्यांकले हत्या-हिंसा र सामाजिक अपराधमा बालबालिकाको संख्या बढ्दो देखाएको छ । तथ्यांक डरलाग्दो देखिए तापनि सम्बन्धित निकायहरू मौन छन् ।

**अन्त्यमा :** जन्म दिंदैमा, पालनपोषण र विद्यालयको शुल्ल तिर्दैमा परिवारको उत्तरदायित्व पूरा हुन्छ ? बालबालिकाले संस्कार, संस्कृति कहाँबाट सिक्ने हो? बालबालिकालाई सामाजिक मूल्यमान्यता, आदर, संस्कार, संस्कृति सिकाउने जिम्मेवारी कसको हो ? अहिलेका यक्ष पश्नहरू हुन् । बालबालिकाको अपराधको जग परिवार र समाज नै हो ।

परिवारमा बालबालिकाहरू कस्तो संस्कारमा हुर्किए भन्ने विषयले पनि उनीहरू भविष्य र चरित्रको कुरा निर्धारण गर्छ । कोरा शिक्षा भन्दा संस्कार ठूलो हतियार हो । शिक्षा भन्दा संस्कार महत्वपूर्ण हो भन्ने कुरा पछिल्ला बालअपराधका घटनाहरूले पुष्टि गरेको छन् । केही वर्षयता अपराधमा बालबालिकाको संलग्नता बढ्दै जानुको मुख्य कारण बालापनको पारिवारिक र सामाजिक संस्कार नै हो । यसैले घरमा रहेको बालक के गरिरहेको छ, विद्यालय पठाइएको आफ्नो बच्चा विद्यालय पुगेको छ कि छैन, पढाइ कस्तो गरिरहेको छ, विद्यालयबाट विदापछि सीधै घर फर्किन्छ कि फर्किंदैन, कस्तो संगत छ भन्ने सबालमा अभिभावकले चासो देखाउन अत्यावश्यक छ । आफ्नो व्यस्ततालाई घटाएर सन्तानका लागि समय छुट्याउनुपर्छ । कोरा किताबमा मात्र हैन, सामाजिक रीतिरिवाज र धार्मिक क्रियाकलापमा बालबालिकालाई जोड्नुपर्छ । पाठ्यपुस्तक र शिक्षकले मात्र हैन, परिवार र समाजले पनि बालबालिकालाई संस्कार र संस्कृतिका कुराहरू सिकाउनुपर्छ ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आज धन खर्च बढ्नेछ । राजनैतिक कार्यमा बाधा आउनेछ । | **तुला** : आँटेको कार्य पुरा होला । राजनीतिक कार्यमा सफलता मिल्नेछ । |
| **वृष** : शुभारम्भको चर्चा चल्नेछ । अतिथिको रूपमा सत्कार पाइएला । | **वृश्चिक** : शुभकार्यको चर्चा चल्नेछ । मित्र जनबाट साथ सहयोग मिल्ने देखिन्छ। |
| **मिथुन** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । धर्मकर्ममा मन लाग्नेछ । | **धनु** :मानसिक चञ्चलपनले पेशागत हानी हुनेछ, तर आफन्तले साथ भने दिनेछन् । |
| **कर्कट** : लाभदायक यात्रा हुनेछ । परिवारसँग रमाइलो भेटघाट हुनेछ । | **मकर** : शुभ समाचार सुन्न पाइएला। ब्यापार व्यवसायबाट आम्दानी हुनेछ । |
| **सिंह** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । गरेका काममा ढिलासुस्ती हुनेछ । | **कुम्भ** : आफन्तको सहयोग प्राप्त हुनेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कन्या** : चिताएको कामले तीव्रता लिनेछ। साथीभाइबाट हौसला प्राप्त हुनेछ । | **मीन** : कुनै कुराले मनमा शान्ति छाउनेछ। धर्म र आस्था बढ्नेछ । |

कला मनोरञ्जन

# बेलायतमा 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'को अडिसन हुँदै

बेलायतमा आउँदो शनिबार अन्तर्राष्ट्रिय स्तरका दुई रियालिटी शो हुने भएका छन् । मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्स सिजन २ को युके अडिसन यही १५ फेब्रुअरी शनिबार अल्डरसटको एम्पायर हलमा हुन लागेको हो । इन्ट्रा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाले संसारभरका नेपालीभाषी समुदायबाट गायन र नृत्य क्षेत्रका उत्कृष्ट प्रतिभाहरू पहिचान गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरेको हो । युके अडिसनमा 'मेरो भ्वाइस युनिभर्स सिजन २' को निर्णायक भूमिकामा वरिष्ठ गायक दीप श्रेष्ठ, सङ्गीतकार सुरेश अधिकारी, गायकहरु शिव परियार र पुष्पन प्रधान, गायिका अन्जु पन्त र तृष्णा गुरुङ रहेका छन् । यसैगरी 'मेरो डान्स युनिभर्स सिजन २' का लागि निर्णायकमा वरिष्ठ कलाकार मिथिला शर्मा, नायक दिलीप रायमाझी, चर्चित अभिनेतृ शिल्पा मास्के, चर्चित कोरियोग्राफरहरु शंकर विसी, कविराज गहतराज र किरण थापा रहेका छन् । मेरो भ्वाइस युनिभर्स र मेरो डान्स युनिभर्सका लागि बेलायतबाट हालसम्म करिब दुई दर्जनले नाम दर्ता गराइसकेको र इच्छुक व्यक्तिलाई सहभागिताको लागि अझै पनि आवेदन खुला रहेको युके अडिसनका संयोजक मनसुदन थापामगरले जानकारी दिए । सहभागी हुन चाहने प्रतिष्पर्धीहरुले फाउन्डेसनको वेवसाइटमार्फत आवेदन दिन सकिने बताइएको छ । अनलाइन वा फिजिकल फर्ममार्फत अडिसनमा भाग लिन सकिनेछ । अडिसन कार्यक्रम नि:शुल्क भएकाले सबैलाई उपस्थित भएर नव प्रतिभाहरूमा हौसला प्रदान गर्न समेत संयोजक मगरको अनुरोध छ । युके अडिसनका लागि अमेरिकाबाट आयोजक इन्ट्रा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउन्डेसन अफ अमेरिका अध्यक्ष डिल्ली अधिकारीसहित अन्य आयोजक र कलाकार गरी १२ जना यही १२ फेब्रुअरी लन्डन आइपुग्दै छन् भने




नेपालबाट कलाकारहरू केकी अधिकारी, सुनिता दुलाल, धिरेन शाक्य र सञ्चारकर्मी नरेश भट्टराई १३ तारिख बेलुका लन्डन आइपुग्ने कार्यक्रम छ । सन् २०२३ मा रियालिटी सो को पहिलो सिजन सफलतापूर्वक सम्पन्न भएको थियो भने दोस्रो संस्करणका लागि युरोप महादेशमा बेलायत र पोर्चुगल, पूर्वी एसियाका लागि थाइल्यान्ड, हङकङ र जापानमा, मध्यपूर्वका लागि दुबई र कतार, अस्ट्रेलियाका लागि सिड्नी, भारतका लागि सिलिगुरी र मुम्बई एवं नेपालमा बिर्तामोड, नेपालगन्ज, पोखरा र काठमाडौंमा अडिसनहरू हुनेछन् । विश्वभरबाट स्थलगत अडिसनमा छनौट भएका भ्वाइसका लागि १२० र डान्सका लागि १२० गरी २४० जना कलाकारहरूलाई थप प्रतिस्पर्धाका लागि काठमाण्डौं लगिने बताइएको छ । युकेबाट सहभागी प्रतिभाहरूको स्तर हेरि बढीमा ५ जनासम्म छनोट गरी अर्को राउण्डका लागि नेपाल लगिने आयोजकले जनाएका छन् । संसारभर रहेका नेपालीमूल अर्थात नेपाली जातिबिचको साझा सांस्कृतिक चौतारी बन्न सकोस्, नेपाली कला संस्कृतिका माध्यमबाट सबैलाई एउटै सूत्रमा जोड्न सकियोस् र नेपालीभाषी प्रतिभाहरूलाई जहाँ बसेपनि आफ्नो संस्कृतिमा गर्व गर्न सक्ने अवसर दिन सकियोस् भन्ने उद्देश्यले रियालिटी शो गरिएको आयोजकले बताए । नेपाली संस्कृति र सांस्कृतिक पहिचानलाई संरक्षण, संवर्द्धन र उत्थान गर्न विदेशमा बस्ने नेपालीहरूलाई आयोजकको आग्रह छ ।

*-रातोपाटी डटकम*

**Lumbini Province Government**
**Ministry of Urban Development and Water Supply**
**Water Supply and Sanitation Office, Tansen, Palpa**

## Invitation for Electronic Bids

For the Supply and Delivery of Pump set, Control Pannel & Supply of Electrical Items and Their Installations

**Date of publication: 12th Feb 2025**

**The Water Supply and Sanitation Office, Tansen, Palpa** invites electronic bids through www.bolpatra.gov.np/egp from eligible Registered Suppliers or Firms for the procurement of the Supply and Delivery of Pump set, Control Pannel & Supply of Electrical Items and Their Installations under **NCB** and **Sealed Quatation** Competitive bidding procedures specified in Public Procurement Act and Regulations. The Suppliers must submit the manufacturer authorization with bid document. The name and identification of the contract are as follows:

| S.N | Contract ID No. | Name of Procurement | Estimated Amount (excluding VAT & Insurance) NRs. | Bid Security NRs. | Document Fee NRs. | |
|---|---|---|---|---|---|---|
| 1 | WSSO/PALPA/NCB/G/081-82/05 | Supply and Delivery of Pump Set and Control Panel | 24,16,000.00 | 69,000.00 | 3000.00 | NCB |
| 2 | WSSO/SQ/PALPA/081-82/04 | Supply of Electrical Items and Their Installations | 15,68,718.22 | 45,000.00 | 1000.00 | Sealed Quatation |

# 'लाज शरणम्'को 'नेपाल हाँसेको' गीत आयो

काठमाडौंका मेयर तथा र्‍यापर बालेन शाहले फिल्म 'लाज शरणम्'का लागि गाएको 'नेपाल हाँसेको' बोलको र्‍याप गीत सार्वजनिक भएको छ । बालेनकै युट्युब च्यानलबाट सार्वजनिक गीतमा उनी स्वयंको शब्द रचना तथा म्यूजिक कम्पोज छ । यो गीत करिब १० वर्षअघि नै रिलिज भइसकेको थियो ।



भिडियो भने बनेको थिएन । त्यही गीतलाई बालेनले फिल्मका लागि पुन: रेकर्ड गरेका हुन् । गम्भीर विष्टको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरु अर्जुन घिमिरे, हरिष निरौला, सागर लम्साल, महेश त्रिपाठी, गजित विष्ट, रामबाबु रेग्मी, सानु पाण्डे र बाल कलाकार आयुषी ढकाल प्रस्तुत छन् । भिडियोमा वैदेशिक रोजगारीको दु:खान्त अवस्थालाई चित्रण गरिएको छ, जुन मर्मस्पर्शी छ । 'नेपाल हाँसेको' गीत फिल्ममा भने समावेश नहुने जनाइएको छ । निर्माण टिमले यसलाई 'प्रमोसनल गीत' भनेको छ । फिल्मको कथासँग गीतको भाव मिल्ने भएपछि भिडियो तयार पारिएको हो । आगामी फागुन १४ गते (महाशिवरात्री)बाट प्रदर्शनमा आउन लागेको फिल्मको केही दिनअघि 'हेर्दा हेर्दैमा' गीत सार्वजनिक गरिएको थियो, जुन अहिले चर्चामा छ । कुमार कट्टेलको निर्देशनमा तयार भएको फिल्ममा सिताराम कट्टेल, प्रियाना आचार्य, विजय बराल, अर्पण थापा, रेणु योगी, मुकुन्द श्रेष्ठ, माला लिम्बूलगायतको पनि अभिनय छ । जेपिटी क्रियसनको ब्यानरमा निर्माण भएको फिल्ममा नवीन श्रेष्ठ निर्माता, राम नरेश शाह र सृजना खड्का सह-निर्माताको रूपमा छन् । बालेनको गीतले फिल्मको 'हाइप' बनाउन ठूलो भूमिका खेल्न सक्ने देखिन्छ ।

*-फिल्मी खबर डटकम*

# मिसेस नोवेल नेपाल-२०२५ को उपाधि सन्ध्यालाई

मिसेस नोवेल नेपाल-२०२५ को ताज सौन्दर्यकर्मी सन्ध्या लामिछानेले पहिरिएकी छन् छ । काठमाडौंमा सम्पन्न भएको कार्यक्रममा ताजसँगै 'नेपाल फेशन एण्ड इन्टरटेन्मेन्ट अर्वाड २०२५ टोकियो जापान' को लागि इन्ट्री प्याकेजसमेत प्राप्त गरेकी हुन् । प्रमुख निर्णायक रमेश उप्रेतीले सोधेको प्रश्नमा उत्कृष्ट उत्तर दिँदै उनले शीर्ष उपाधि जित्न सफल भईन् । हिमालयन मुभिज प्रोडक्सन हाउसद्वारा आयोजित सो कार्यक्रममा फष्ट रनर अप सर्वण जोशी एवं सेकेण्ड रनरअप रेखा भट्टराई हुन सफल भएकी हुन् । करिब दर्जन प्रतियोगीको एक महिनासम्मको सम्पूर्ण प्रशिक्षणको अभिभारा चर्चित अवार्ड विजेता फेशन कोरियोग्राफर हिमानी सुब्बाले वहन गरेकी थिईन् । प्रतियोगीले व्यक्तित्व विकास बोलीचाली अभ्यास, स्टेजको प्रस्तुति, क्याट्वाक, प्रस्तुतीकरण बौद्धिक क्षमता विकासलगायत विषयमा प्रशिक्षण लिएका थिए । कार्यक्रमको सुरुवाती चरणमा आर्कषक नृत्यबाट प्रतियोगीले आरम्भ गरेको सो कार्यक्रममा क्रमश: परिचयात्मक चरण, पोशाक प्रदर्शनी, टप सेभेन, टप फाइब, प्रनोत्तर चरण पार गर्दै क्राउनिङ चरणमा समापन भएको थियो भने मध्यान्तरमा कोरियोग्राफर सुब्बा आफैं विशेष राउण्डमा स्टेजमा उत्रिएका थिए । कार्यक्रममा विविध सव टाइटल अर्वाडसमेत वितरण गरिएको थियो जसमा शन्ध्या लामिछाने मोष्ट इन्टिलिजेन्ट, रेखा भट्टराई मोष्ट पपुलर र पब्लिक च्वाइसका साथै मोष्ट एट्राक्टिभ सर्वण जोशी वेष्ट ट्यालेन्ट, कल्पना विक मोष्ट स्मार्ट, प्रीति खड्का वेष्ट फोटोजेनिक आकांक्षा गजमेर वेष्ट




क्याटवाक, शर्मीला थापा मोष्ट डिलिजेन्ट, निर्मला चौधरी मोष्ट चार्मिङ, सीमा ढुंगाना मोष्ट प्यासोनेट र पेशल कुमारी खड्का मोष्ट कन्फिडेन्ट अवार्ड जित्न सफल भएका हुन् ।

कार्यक्रमको निर्णायक मण्डलमा नायक एवं चलचित्रकर्मी रमेश उप्रेती, नायक मोडल मनिष राउत, मिस नेपाल आइडल २०१९ एवं भिजे निमा लमु शेर्पा, ब्युटिसियन नेपाल २०२१ सजना खतिवडा र मिसेस हिमालयन नेपाल २०२४ कविता विशुंखे रहेका थिए । कार्यक्रममा कलाकारले आकर्षक नृत्य प्रस्तुतिसमेत गरेका थिए । विवाहित महिलाहरूको क्षमता, प्रतिभा प्रष्फुटन गराई सामाजिक पहिचान बनाई महिलाहरूको क्षमता प्रतिभामा बडोत्तरी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजक पक्षले जनाएको छ ।

*-इहिमालय टाइम्स डटकम*

# राजेश पायल राईको स्वरमा 'रित्तो जन्में' सार्वजनिक


गायक राजेश पायल राईको स्वरमा रहेको 'रित्तो जन्में' गीत सार्वजनिक भएको छ । गीतकार चन्द्र जयपाल राईको शब्दमा रहेको 'रित्तो जन्में रित्तो जान्छु' उनको रेकर्ड भएको तेस्रो गीत हो । विक्रम राईको संगीत, सागर संसार राईको एरेन्ज, किशोर थापाको मिक्सिङ मास्टरिङ र राजेश श्रेष्ठ रेकर्डिस्ट रहेको छ । उनले रित्तो जन्मिएर रित्तै जानुपर्ने यथार्थता प्रस्तुत गर्दै गीत मार्फत माया प्रेम, सद्भाव र हाँसीखुसी बाँच्नुपर्ने बताएका छन् । 'ए वान म्यूजिसियन स्टुडियो' मा रेकर्ड भएको उनको गीत 'मेनुका राई इन्टरटेनमेन्ट' युट्युव च्यानलबाट




सार्वजनिक भएको हो । यसअघि उनका तिमी मेरो पारूहाङ (पुरूष ) र तिमी मेरो सुम्निमा (महिला) गीत सार्वजनिक भएको छ । सानैदेखि समाज सेवामा अभिरूचि भएका उनी किरात राई चाम्लिङ खाम्बातिम, बेलायतका अध्यक्ष, खोटाङ सेवा समाज, बेलायतका महासचिव र किरात राई यायोक्खा, बेलायतका सचिव हुन् ।

*-डिसी नेपाल डटकम*

# आज 'श्री स्वस्थानी व्रत कथा' समाप्त




**सीमा भट्टराई**

**पाल्पा,** माघ २९/पुस शुक्ल पूर्णिमादेखि सुरु भएको एक महिने स्वस्थानी व्रत आज समापन गरिँदैछ । पुस शुक्ल पूर्णिमादेखि विधिपूर्वक स्वस्थानीको व्रत सुरु गरी नित्य मध्याह्नकालमा पार्वतीसहित महादेवको पूजा गरेका भक्तजनले आज व्रत समापन गर्न लागेका हुन् ।

त्यसै दिनदेखि शुरु गरिएको स्कन्द पुराणअन्तर्गतको केदारखण्डको माघ माहात्म्यमा कुमार र अगस्त्यबीच भएको संवादलाई स्वस्थानी कथाका रूपमा भन्ने र सुन्ने काम पनि आजैदेखि अन्त्य गरिँदैछ । विधिपूर्वक एक महिने व्रत गरेकाले माघ शुक्ल पूर्णिमाका दिन १ सय ८ जनै, १ सय ८ सुपारी, १ सय ८ पान, १ सय ८ फूल, १ सय ८ रोटी, १ सय ८ अक्षता विभिन्न थरिका फलफूल, धूप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, वस्त्र, भेटी चढाइ व्रतको कामना पूर्णहोस् भनी भगवतीलाई अर्घ्य दिइन्छ । सय रोटी व्रतालुले फलाहार गरी रातमा जाग्राम बसिन्छ । जाग्रामका समयमा देवीको माहात्म्य सुन्ने सुनाउने गरिन्छ । यसो गरेमा व्रतालुको मनोकाङ्क्षा पूरा हुन्छ भन्ने धार्मिक विश्वास छ । धार्मिक मान्यता अनुसार स्वस्थानीको शाब्दिक अर्थ आफू बसेको स्थानको देवी भन्ने बुझिन्छ । आफू बसेकी स्थानकी देवीको पूजा गर्नु नै स्वस्थानी पूजा हो । उत्तरायणपछिको समय ध्यान, योग साधनाका लागि उपयुक्त भएकाले स्वस्थान अर्थात् आफ्नो आत्मामा सम्पर्कको अभ्यास गर्नुलाई स्वस्थानी भनिएको विश्वास पनि छ । यसका लागि पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्मको समय राम्रो मानिन्छ । सुवर्ण वर्णकी, त्रिनेत्रधारी, प्रसन्न मुद्रा भएकी, कमल र सिंहासनमा बसेकी, चार हात भएकी देवीलाई स्वस्थानी देवी भनिन्छ । स्वस्थानीको चार हातमध्ये पहिलो हातमा नीलकमल, दोस्रो हातमा खड्ग, तेस्रो हातमा ढाल र चौथो हातमा वरदमुद्रा लिएकी देवी स्वस्थानी हुन् भनी व्रत कथामा उल्लेख गरिएको छ । यस्ती देवीको विधिपूर्वक व्रत गरेमा बिछोड भएका जोडीको पुन: मिलन हुन्छ भन्ने विश्वास छ । रोगव्याधि लागेको भए ठीक हुने र पति वा पत्नीका रूपमा कसैलाई इच्छाएको भए प्राप्त हुने कथासमेत प्रचलित छ ।

## खेलकुद समाचार

### भारत ब्ल्याक बुल्सको सेमिफाइनलमा



**काठमाडौँ,** माघ २९/भारतको थन्डरबोल्ट नर्थ युनाइटेडलाई हराउँदै उज्बेकिस्तानको ब्ल्याक बुल्स पोखरा गोल्डकप फुटबलको सेमिफाइनलमा पुगेको छ । पोखरा रङ्गशालामा मंगलबार भएको चौथो तथा अन्तिम क्वाटरफाइनलमा ब्ल्याक बुल्सले थन्डरबोल्टलाई ३-० गोलले हरायो । योसँगै सेमिफाइनल समीकरण पूरा भएको छ । यसअघि नेपाल पुलिस क्लब, चर्च ब्वाइज युनाइटेड र थ्री स्टार क्लब अन्तिम चारमा पुगेका थिए । पहिलो सेमिफाइनलमा भोलि पुलिस र चर्च ब्वाइज खेल्नेछन् । दोस्रो सेमिफाइनलमा पर्सि फागुन १ गते ब्ल्याक बुल्सले थ्री स्टार खेल्नेछन् । २४औं संस्करणको पोखरा गोल्डकपको फाइनल खेल फागुन ३ गते हुनेछ । प्रतियोगिताको विजेताले १२ लाख एक हजार र उपविजेताले ६ लाख एक हजार रुपैयाँ पुरस्कार पाउनेछन् ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से सामान्य अङ्कले सुधार




**काठमाडौँ,** माघ २९/पछिल्ला पाँच कारोबार दिन निरन्तर घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा आज भने सामान्य अङ्कको सुधार देखिएको छ । मंगलबार नेप्से परिसूचक छ दशमलव ५४ अङ्कले बढेर दुई हजार ६ सय ८३ दशमलव ८६ को विन्दुमा कायम भएको हो ।

मंगलबार २ सय ९९ कम्पनीका एक करोड ३९ लाख ६८ हजार दुई सय ५८ कित्ता शेयर ७२ हजार ९४ पटक खरिदबिक्री हुँदा रु सात अर्ब २४ करोड ६२ लाख २१ हजार २ सय ६० बराबरको कारोबार भएको छ । विकास बैङ्क समूह दुई दशमलव ३७, जलविद्युत् एक दशमलव ५७, लगानी शून्य दशमलव ४८, उत्पादन तथा प्रशोधन शून्य दशमलव शून्य एक र म्युचुअल फन्ड शून्य दशमलव ५२ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ शून्य दशमलव २०, वित्त शून्य दशमलव २९, होटल तथा पर्यटन शून्य दशमलव ४७, जीवन बीमा शून्य दशमलव शून्य आठ, लघुवित्त शून्य दशमलव शून्य चार, निर्जीवन बीमा शून्य दशमलव ४३, व्यापार एक दशमलव शून्य पाँच र अन्य समूह शून्य दशमलव शून्य एक प्रतिशतले घटेको छ ।

सिक्लेस हाइड्रोपावर लिमिटेड, भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड र रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । त्यस्तै, भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै सिइडिबी होल्डिङ्स लिमिटेडको रु ३६ करोड ८१ लाख ८२ हजार ८९८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने एनआइसी एसिया ग्रोथ फन्डको सबैभन्दा धेरै सात लाख १२ हजार १०० कित्ता शेयर किनबेच भएको छ ।

# बागलुङका पालिका नदी र खोलाका माछा संरक्षणमा जुटे

**बागलुङ,** माघ २९/बागलुङका तीन वटा पालिका नदी र खोलाका माछा संरक्षणमा जुटेका छन् । गलकोट नगरपालिकाले तीन वर्षअघि जलचर संरक्षण ऐन अनुसार माछा संरक्षण गर्ने, युवालाई माछा मार्न अनुमति दिई आम्दानी लिन थालेको छ । माछाले फुल पार्ने समयमा माछा मार्न प्रतिबन्ध लगाउने, विषादी र करेन्ट लगाएर माछा मार्न नपाइने र अवैध माछा मार्नेलाई कारबाही गर्ने नीति कार्यान्वयन गरेपछि माछा उत्पादन वृद्धि भएको छ ।




फुल पार्ने समयमा माछा हुर्कन पाएपछि उत्पादन दोब्बर भएको गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले जानकारी दिए । दरमखोलामा पाइने असला माछा प्रसिद्ध भएकाले संरक्षणसँगै स्थानीयवासीलाई रोजगारीमा जोड्न गलकोट नगरपालिकाले कानून निर्माण गरी लागू गरेको जनाएको छ । गलकोटकै अनुशरण गर्दै काठेखोला गाउँपालिकाले पनि १६ औं गाउँसभामार्फत जलचर संरक्षण ऐन ल्याएको छ । काठेखोलामा पाइने असला माछा संरक्षण गर्ने, माछा मार्न निश्चित समयका लागि अनुमति प्रदान गर्ने र चलचरको संकट टार्न ऐन ल्याएको गाउँपालिकाका उपाध्यक्ष तेजबहादुर थापाले जानकारी दिए । जलचर संरक्षण ऐनमा करेन्टले माछा मार्न नपाइने, विष हाल्न नपाइने र दुवाली थुन्न नपाइने उल्लेख छ । ऐन कार्यान्वयन गरेपछि संकटमा रहेका असला माछाको संरक्षण हुने र समुदायलाई आम्दानीको स्रोत वृद्धि हुने गाउँपालिकाले जनाएको छ । 'खोलाको क्षेत्रमा समूह गठन गरी संरक्षण र उत्पादनमा जोड दिने, गाउँपालिकाले माछाको उत्पादन बढाउन खोलामै पूर्वाधार बनाउनसमेत सक्नेछ', उपाध्यक्ष थापाले भने,'समुदायलाई खोलाको, माछाको संरक्षणको जिम्मा दिएपछि उनीहरूले आम्दानी गर्न सक्नेछन् ।'

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

# डेढ करोड लगानीमा...

...'अहिले सुरुवाती चरणमा छौँ, आम्दानी जति लगानी भइरहेको छ, बाखापालनबाट सुरु गरेको व्यवसाय अहिले फलफूल खेतीलाई जोड दिएका छौँ । म जनताको उपचारमा व्यस्त भइराख्ने हुँदा दाइ र भिनाजु विदेशबाट फर्किएर यहाँ काम गर्न थाल्नुभएको छ, उहाँहरूले थप हौसला दिँदा लगानी बढाइरहेको छु', पुनले भने, 'लगानी अनुसारको प्रतिफल आउला भन्ने अपेक्षासहित गाउँमा केही गरौँ भन्ने उद्देश्यले कृषि कर्ममा लागेको हुँ ।' पुनले केही वर्ष अघि रु ६० लाखको जग्गा किनेर फलफूखेती विस्तार गरेको जानकारी दिए । हालसम्म कृषि ज्ञान केन्द्र बागलुङबाट रु एक लाख १३ हजार, ढोरपाटन नगरपालिकाबाट रु एक लाख ८८ हजार अनुदान प्राप्त भएको बताउँदै उनले स्वदेशमा केही गर्न चाहाने युवालाई राज्यले पनि सोही अनुसारको सहयोग गर्नुपर्नेमा जोड दिए । गाउँमा खानेपानी र सिँचाइ अभाव हुँदा गाउँले बसाइँसराइ गर्न बाध्य भएका उनको भनाइ छ । आफूले ठूलो लगानी गरेर फलफूल खेती गरे पनि सिँचाइ अभावमा बिरुवा सुक्दा लाखौँको नोक्सानीसमेत व्यहोर्नु परेको पुनले गुनासो पोखे ।

गाउँ नजिक पानीको मुहान नभएकाले टाढाबाट ल्याउनका लागि लाखौँ रुकम आवश्यक पर्ने उनले उल्लेख गरे । पुनले विदेश पलायन हुने युवालाई स्वदेशमा पनि मेहनत गरे प्रशस्त आम्दानी गर्न सकिने सुझाव दिए ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई